## सप्तकोशी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः- ७ संख्याः २ मितिः २०८२ साल

भाग- १

सप्तकोशी नगरपालिका

# सप्तकोशी नगरपालिकाको विनियोजन ऐन, २०८२

आज्ञाले,

नामः पुरुषोत्तम ढकाल

प्रमुख प्रशासकीय अधिकृत

# सप्तकोशी नगरपालिकाको विनियोजन ऐन, २०८२

सप्तकोशी नगरपालिका, सप्तरीको आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

प्रस्तावनाः सप्तकोशी नगरपालिका, सप्तरीको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम कार्यान्वयन गरी सेवा र कार्यहरूको लागि विनियोजित रकम नगरपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सप्तकोशी नगरपालिका, सप्तरीको पन्ध्रौं नगर सभाको बैठकबाट सप्तकोशी नगरपालिकाको विनियोजन ऐन, २०८२ पारित गरिएको छ।

## संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम **सप्तकोशी नगरपालिकाको विनियोजन ऐन, २०८२** रहेको छ।

(२) यो ऐन **२०८२ साल श्रावण १** गते देखि प्रारम्भ हुनेछ।

## १. परिभाषाः

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"आर्थिक वर्ष"** भन्नाले २०८२ साल श्रावण १ गते देखि २०८३ आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्छ।

(ख) **"नगरपालिका"** भन्नाले सप्तकोशी नगरपालिकालाई सम्झनु पर्छ।

(ग) **"विनियोजन"** भन्नाले नगर सभाद्वारा विभिन्न सेवा र कार्यहरूका लागि विभिन्न शीर्षकमा खर्च गर्न छुट्टाइएको रकम सम्झनु पर्छ।

(घ) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

(ङ) **"सञ्चित कोष"** भन्नाले सप्तकोशी नगरपालिकाको सञ्चित कोष सम्झनु पर्छ।

(च) **"सभा"** भन्नाले सप्तकोशी नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(छ) **"कार्यपालिका"** भन्नाले सप्तकोशी नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

## २. आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार र सीमाः

(१) आर्थिक वर्ष २०८२।०८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची-१ मा उल्लिखित श्रोतहरूबाट प्राप्त चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५१,४१,३७,६६८।- (एकाउन्न करोड एकचालीस लाख सैंतीस हजार छ सय अठ्सठी रुपैयाँ मात्र) निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ। जसमध्ये रु.४,७३,४७,९८८।- (चार करोड त्रिहत्तर लाख सठ्चालीस हजार नौ सय अठासी रुपैयाँ मात्र) आर्थिक वर्ष २०८१।०८२ को अनुमानित बचत रकम समावेश रहेको छ। आर्थिक वर्ष २०८२।०८३ मा सङ्घीय सरकार तथा प्रदेश

सरकारबाट कुनै कार्यक्रम तथा योजना, विशेष बजेट प्राप्त भएमा यो ऐन बमोजिम खर्च गर्न सकिने छ।

३. विनियोजित शीर्षक संशोधन र रकमान्तर सम्बन्धी व्यवस्था :

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त सप्तकोशी नगरपालिका, सप्तरीको नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) यस ऐनद्वारा चालु, पुँजीगत तथा वित्तीय व्यवस्था अन्तर्गत विनियोजित शीर्षकमा रकम खर्च गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

(५) समपुरक तर्फ विनियोजित रकम सङ्घ र प्रदेश सरकारबाट प्रस्ताव गरिए अनुरुप समपुरक अनुदान प्राप्त हुन नआएमा नगर सभाले स्वीकृत गरेका कार्यक्रममा रकम विनियोजन गरी खर्च गर्न सकिनेछ।

(६) उपदफा (२) बमोजिम विभिन्न शिर्षकमा विनियोजित रकम खर्च गर्दा प्रचलित कानुनले तोकेको प्रकृया पुरा गरी विभिन्न संघ/संस्था, उपभोक्ता समिति वा ठेक्का प्रकृयाबाट कार्यान्वयन गरिनेछ।

४. **कार्यविधि बनाई लागू गर्न सकिनेः** यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार नगर कार्यपालिकाबाट कार्यविधि वा निर्देशिका स्वीकृत गरी कार्यान्वयन गर्न सकिने छ।

## ५. खारेजी र बचाउः

(१) यो ऐन नगर सभाबाट स्वीकृत भई लागु भएपछि विनियोजन ऐन, २०८१ खारेज हुनेछ।

(२) विनियोजन ऐन, २०८१ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची -१

सप्तकोशी नगरपालिकाको लागि आर्थिक वर्ष २०८२।०८३ को निमित्त नगर कार्यपालिकाको कार्यालय, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त खर्च गरिने तपसिलका श्रोतहरूबाट प्राप्त भएको चालु खर्च, पुंजीगत खर्च र वित्तीय व्यवस्थापन समेतको श्रोतगत बजेट रकम

**सप्तकोशी नगरपालिकाको आ.व.२०८२।०८३ को अनुमानित आय बजेट**

| सि.नं. | आय शीर्षक | अनुमानित बजेट रु. |
|---|---|---|
| १ | सङ्घीय वित्तीय समानीकरण अनुदान | ८७५००००० |
| २ | सङ्घीय राजश्व बाँडफाड | ८१३८०१८७ |
| ३ | सङ्घीय वन रोयल्टी | ९०००० |
| ४ | सङ्घीय शसर्त अनुदान | १३५५००००० |
| ५ | सङ्घीय विशेष अनुदान | ६९००००० |
| ६ | सङ्घीय समपुरक अनुदान | ५८७००००० |
| ७ | प्रदेश वित्तीय समानीकरण अनुदान | ५९६५००० |
| ८ | प्रदेश राजश्व बाँडफाड | ६७१९२८० |
| ९ | प्रदेश सशर्त अनुदान | ९५००००० |
| १० | प्रदेश विशेष अनुदान | ३०००००० |
| ११ | प्रदेश समपुरक अनुदान | २०००००० |
| १२ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५०००००० |
| १३ | आन्तरिक राजस्व | ६४५३५२१३ |
| १४ | आ.व. २०८१।०८२ को अनुमानित बचत रकम | ४७३४७९८८ |
| | **जम्मा** | **५१४१३७६६८** |